किस्पाङ गाँउपालिका  चालु आ. व. २०७९/८० मा स्वीकृत जिविकोपार्जन गैह्र सरकारी संस्था संग लागत साझेदारी कृषि विकास कार्यक्रम (वहुवर्षिय) कार्यान्वयन गर्ने सेवा प्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)।

जिविकोपार्जन गैह्र सरकारी संस्था संग लागत साझेदारी कृषि विकास कार्यक्रम (वहुवर्षिय) (Terms of Reference)

१. पृष्ठभूमिः

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीयस्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट गाउँका साना किसान, महिला तथा युवाहरुको आर्थिक जिवनस्तरमा सुधार गर्ने उद्देश्यले **किस्पाङ गाउँपालिकाको सार्वजनिक निजी साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९** ले दिएको क्षेत्र भित्र रही गैर सरकारी र किस्पाङ गाउँपालिकाबीच बहुबर्षिय रुपमा कृषि तथा पशुविकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना सञ्चालन गर्नका लागि यो कार्यविवरण तयार गरिएको छ ।

२. मुख्य उद्देश्यः

यस परियोजनाको मुख्य उद्देश्य गाउँपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, सानाकिसानहरुको वित्तिय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशुउपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरुमार्फत  आवद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुग्याउने रहेकोछ ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल

क)  गरिब तथा विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वित्तिय सेवाहरुमा पहुँच तथा बजारसंगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,

ख)  निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी बृद्धि गर्नु,

ग)  सानाकिसान तथा आपुर्ति श्रृँखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु,

घ)  लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु ।

प्रस्तावित बहुवर्षिय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृँखालाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

क)कृषि तथा पशुवस्तुको उत्पादनमा आवद्ध सानाकिसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,

ख)बजार मागमा आधारित कृषि तथा पशुउपजहरुको आपूर्ति वृद्धि गर्नु,

ग)साना किसानहरु संलग्न कृषि तथा पशुवस्तुसंग सम्बन्धित उद्यमलाई नाफामूलक वनाउन मद्धत गर्नु,

घ)ग्रामीण क्षेत्रमा वित्तिय सेवाको पहँचमा बृद्धि गर्नु,

ङ)साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि वीमामा पहुँच बढाउनु,

च)साना किसान तथा आपूर्ति श्रृँखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,

छ)सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्धि गर्नु,

ज)कृषि तथा पशुवस्तुहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापना गर्नु,

झ)सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,

ञ)लक्षित कृषि तथा पशुवस्तुहरुको उत्पादन, संकलन, प्रशोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,

ट)कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु ।

३. परियोजना कार्यान्वयन प्रवन्ध

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । परियोजनाले प्रस्तावित घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

४. आवश्यक जनशक्ति

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

यस परियोजना गाउँपालिकाका ५ वटा वडाहरुमा सञ्चालन गरिने छ । गाउँपालिकाका कुल घरधुरी ३९२९ मध्ये यस परियोजनाले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा २००० हुनेछन् । भने अपत्यक्ष रुपमा ४०० घरधुरीहरु संलग्न हुनेछन् । यस बाहेक परियोजनाले २०० युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ ।

हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काठमाडौं... सिन्धुपाल्चोक,
बागमती प्रदेश, नेपाल

यस परियोजनाले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेकोछ ।

वडा नं स्थान जम्मा घरधुरी परियोजना मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या परियोजना मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या जम्मा लाभान्वित जनसंख्या

| वडा नं | स्थान | जम्मा घरधुरी | परियोजना वाट प्रत्यक्ष लाभान्वित घरधुरी | परियोजना वाट अप्रत्यक्ष लाभान्वित घरधुरी | जम्मा लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | जम्मा | | | | |

६. परियोजना अवधि:

यस परियोजनाको समयावधि ५ वर्ष हुनेछ । परियोजना शुरु हुने आ.व. २०७९/८० रहनेछ ।

७. परियोजनाको कुल लागतः

प्रस्तावित वहुवर्षिय परियोजनाका लागि यस गाउँपालिकाले पहिलोवर्ष रु १३००००० ( तेह्र लाख ) विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत सालबसाली रुपमा निर्धारण गरिनेछ । यस बाहेक प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्नेछ ।

८. अपेक्षित परिणाम

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले,नुवाकोट बागमती प्रदेश,नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- सामाजिक पूँजीको अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृँखला सम्बन्धी उद्यमशिलता विकास,
- कृषि तथा पशु उद्यमीहरुको वित्तिय सेवामा पहुँच अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको आन्तरिक÷बाह्य बजारमा बिक्री वितरणमा वृद्धि

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत